# श्री मर्चवारी गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय रायपुर, रुपन्देही

# मर्चवारी गाउँपालिकाको शिक्षा ऐन, २०७४

(पहिला संशोधन २०८०/१०/१५)

गया प्रसाद बरई
गाउँपालिका अध्यक्ष

मर्चवारी गाउँपालिकाद्वारा प्रकाशित

# मर्चवारी गाउँपालिकाको शिक्षा ऐन,२०७४ (पहिलो संशोधन २०८०/१०/१५)

**प्रस्तावना:**

राष्ट्रिय विकासका लागि आवश्यक दक्ष, योग्य, सीपयुक्त जनशक्ति उत्पादन गर्न तथा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकूल सर्वसाधारण जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम राख्न मर्चवारी गाउँपालिकामा स्थापना भई सञ्चालन भैरहेका तथा स्थापना हुने विद्यालयहरूको व्यवस्थापनमा सुधार गर्दै आधारभूत तथा माध्यमिक शिक्षा व्यवस्थापन सम्वन्धी स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को परिच्छेद ३ को दफा ११ [ज] बमोजिमका अधिकारहरु कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,"नेपालको संविधानको धारा २२६, अनुसूची ८ " तथा "स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २०,२१ र १०२" ले दिएको अधिकार प्रयोग गरी मर्चवारी गाउँ सभावाट यो मर्चवारी गाउँपालिका, शिक्षा ऐन- २०७४ (पहिलो संशोधन २०८०)जारी गरिएको छ।

**१.संक्षिप्त नाम र प्रारम्भः-**

(क) यस ऐनको नाम (मर्चवारी गाउँपालिकाको, शिक्षा ऐन- २०७४(पहिलो संशोधन २०८०)" रहेको छ।

(ख) यो ऐन मर्चवारी गाउँपालिका क्षेत्रभर लागू हुनेछ।

(ग) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

**२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा:-**

(क)"गाउँपालिका" भन्नाले मर्चवारी गाउँपालिकालाई सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले मर्चवारी गाउँकार्यपालिकालाई सम्झनु पर्छ।

(ग) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक वाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ।

(घ) "प्रारम्भिक वालशिक्षा" भन्नाले चार वर्ष उमेर पुरा भएका बालबालिकालाई दिइने एक वर्षको प्रारम्भिक वाल शिक्षा सम्झनु पर्छ।

(ङ) "प्राथमिक शिक्षा" भन्नाले कक्षा वाल विकास देखी कक्षा पाँचसम्म दिइने शिक्षा सम्झनु पर्छ।

(च) "निम्न माध्यमिक शिक्षा" भन्नाले कक्षा छ देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ।

(छ) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनु पर्छ।

गया प्रसाद हरई
गाउँपालिका अध्यक्ष



CamScanner

(ज)"परीक्षा समिति" भन्नाले दफा ४ बमोजिम गठन हुने परीक्षा संचालन तथा व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

(झ) "गाउँ सभा" भन्नाले मर्चवारी गाउँपालिकाको गाउँ सभालाई सम्झनुपर्छ ।

(ञ) "विशेष शिक्षा" भन्नाले दृष्टिविहिन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षा सम्झनु पर्छ ।

(ट) "समावेशी शिक्षा" भन्नाले दृष्टिविहिन, न्यून दृष्टियुक्त बहिरा, सुस्त श्रवण, अटिज्म बौद्धिक, शारीरिक वा अन्य विशेष क्षमता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधिनमा रही दिइने शिक्षा सम्झनु पर्छ । -

(ठ) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनु पर्छ ।

(ड) "प्राविधिक तथा व्यावसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान सीप तथा विषयवस्तुको सिकाई गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौदेखि कक्षा बाह्रसम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ ।

(ढ) "सामुदायिक विद्यालय" भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा नकमाउने प्रकृतिको नेपाल सरकार र मर्चवारी गाँउपालिकाबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(ण) "संस्थागत विद्यालय" भन्नाले निजी लगानीमा स्थापना गरिएका नेपाल सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(त) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनुपर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

(थ) "कर्मचारी" भन्नाले सामुदायिक र संस्थागत विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ ।

(द) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियम, कार्यविधि, निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ध) "अनुमति" भन्नाले नेपाल सरकार वा गाउँपालिकाले स्थायी स्वीकृति प्रदान गरी नसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(न) "स्वीकृति" भन्नाले तोकिए बमोजिमको शर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार वा गाउँपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

(प) "आवासीय विद्यालय" भन्नाले नेपाल सरकार वा गाउँपालिकाबाट आवासीय विद्यालयको रूपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ ।

(फ) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।



गया प्रसाद बरई
गाउँपालिका अध्यक्ष

CamScanner

(ब) "सहकारी विद्यालय" भन्नाले कुनै सहकारी संस्थाले नाफा नलिने उद्देश्यले स्थापना गरेको सहकारीका सदस्यहरुद्वारा सञ्चालित विद्यालय सम्झनु पर्छ ।

(भ) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रूपमा बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा ( डि.भी.), परमानेन्ट रेजिडेन्ट भिसा (पी.आर.) वा ग्रीन कार्ड सम्झनु पर्छर सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रूपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमति समेतलाई जनाउँछ ।

(म) "तालिम केन्द्र"भन्नाले यस ऐन वमोजिम अनुमति प्राप्त गरी विभिन्न सीपमूलक तालिम प्रदान गर्ने संस्थालाई जनाउँछ ।

(य) "पुस्तकालय" भन्नाले नेपाल सरकार/गाउँपालिकाबाट अनुमति लिई संचालन भएको विभिन्न पुस्तकहरू संग्रह गरी अध्ययन गर्न उपयुक्त हुने गरी निर्माण गरिएको संस्था जनाउँछ ।

(र) "शैक्षिक परामर्श केन्द्र" भन्नाले शैक्षिक परामर्श प्रदान गर्ने उद्देश्यले नेपाल सरकारवाट वा यस गाउँपालिकाबाट अनुमति वा स्वीकृत प्राप्त संस्थालाई जनाउँछ ।

(ल) "संघीय शिक्षा ऐन"भन्नाले संघीय संसदले वनाएको शिक्षा ऐन संझनु पर्दछ ।

(व) "प्रादेशिक शिक्षा ऐन" भन्नाले लुम्विनी प्रदेशको संसदले बनाएको शिक्षा ऐन सम्झनु पर्दछ ।

(श) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ष) "शिक्षा अधिकारी" भन्नाले गाउँपालिकाको शिक्षा शाखा प्रमुखलाई सम्झनु पर्दछ ।

(स) "शिक्षा समिति" भन्नाले गाउँ शिक्षा समितिलाई सम्झनु पर्छ ।

(ह)"शिक्षा शाखा" भन्नाले गाउँपालिकाको शिक्षा विभाग सम्झनु पर्दछ ।

(क्ष)"अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत् विद्यार्थीको वाबु,आमा,वाजे, बजै वा त्यस्ता अभिभावक नभएमा विद्यालयमा अध्ययनरत् बालबालिकालाई संरक्षण गर्ने व्यक्तिहरू मध्येवाट विद्यालयको अभिलेखमा अभिभावक भनी जानिएको व्यक्तिलाई जनाउँछ ।

(त्र) "नियुक्ति गर्ने अधिकारी" भन्नाले शिक्षक तथा कर्मचारी नियुक्ती गर्न तोकिएको अधिकारी सम्झनुपर्दछ ।

(ज्ञ) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्दछ ।

**३. विद्यालय खोल्न तथा कक्षा थप गर्न अनुमति लिनुपर्नेः-**

(१) गाउँपालिका क्षेत्रभित्र कुनै समुदायले सामुदायिक/धार्मिक विद्यालय वा कुनै नेपाली नागरिकले शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई वडा शिक्षा समितिको सिफारिस सहित गाउँपालिका समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।



गया प्रसाद वराई
गाउँपालिका अध्यक्ष

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर तोकिएको अधिकारीले आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा तोकिएको शर्त बन्देज पालना गर्ने गरी गाउँ शिक्षा समितिको निर्णयमा तोकिएको अधिकारीले अनुमति दिनेछ ।

(३)उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएका शर्त बन्देज पालन गरेको देखिएमा गाउँ शिक्षा समितिको निर्णय बमोजिम तोकिएको अधिकारीले स्वीकृति प्रदान गर्नेछ ।

(४) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रूपमा सञ्चालनमा रहेका विद्यालयहरूले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न गाउँपालिका समक्ष निवेदन दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा तोकिएको अधिकारीले सो निवेदनउपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा निवेदन दिने विद्यालयको माग मनासिब देखिएमा माग बमोजिम विद्यालय सञ्चालन गर्न गाउँ शिक्षा समितिको निर्णयमा अनुमति तथा स्वीकृति दिनेछ ।

(६) उपदफा (२), (३) वा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइनेछैन:-

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएका विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दानदातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय ।

(७) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नुपर्नेछ :-

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) सङ्गठित संस्थाको रूपमा हुनुपर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पाँचजना र निजीगुठी भए कम्तीमा तीनजना सदस्य हुनुपर्ने,

(ग) शैक्षिक गुठीको आय-व्ययको लेखा तोकिए बमोजिमको ढाचा र प्रचलित लेखाका सिद्धान्तका आधारमा अभिलेख खडा गरी मान्यताप्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्ने,

(घ) निजी शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्नेछ । तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा गाउँपालिकाको स्वीकृति लिनुपर्नेछ ।

(८) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको अधिकारीबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठीअन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ । -



गया प्रसाद बराई
गाउँपालिका अध्यक्ष

CamScanner

९) उपदफा (८) बमोजिम सञ्चालित विद्यालयले पालन गर्नु पर्ने शर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछन्।

१०) माथिका उपदफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन।

(११) प्राविधिक शिक्षा संचालन गर्ने विद्यालयको अनुमति तथा स्वीकृती सम्वन्धी व्यवस्था तोकिए वमोजिम हुनेछ।

(१२) सहकारी विद्यालयको अनुमति तथा स्वीकृती सम्वन्धी व्यवस्था तोकिए वमोजिम हुनेछ।

(१३) यस गाउँपालिका क्षेत्रभित्र संचालित कुनै विद्यालयले कक्षा थप गर्न चाहेमा सम्बन्धित वडा शिक्षा समितिको सिफारिस सहित तोकिएको विवरण खुलाई गाउँपालिका समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ।

(१४) उपदफा (१३) बमोजिम निवेदन परेमा सो निवेदन उपर तोकिएको अधिकारीले जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा विद्यालयको कक्षा थप गर्न मनासीव देखिएमा तोकिएको शर्त वन्देज पालना गर्ने गरी शिक्षा समितिको निर्णय बमोजिम तोकिएको अधिकारीले अनुमति दिनेछ।

(१५) विद्यालय सञ्चालन तोकिए वमोजम हुनेछ।

**४. परीक्षा सञ्चालन तथा व्यवस्थापन समिति :-**

गाउँपालिका क्षेत्रभित्रका विद्यालयहरूको परीक्षा सञ्चालन र व्यवस्थापन गर्न तोकिए वमोजिमको परीक्षा सञ्चालन तथा व्यवस्थापन समिति रहने छ। परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिए वमोजिम हुनेछ।

**५. माध्यमिक शिक्षाको प्रकारः-**

माध्यमिक शिक्षा देहायका प्रकारका हुनेछन्:-

क) साधारण माध्यमिक शिक्षा,

(ख) संस्कृत माध्यमिक शिक्षा,

(ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा।

**६. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्थाः- :**

गाउँपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ।

**७. शिक्षाको माध्यमः-**

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुबै भाषा हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ :-



गया प्रसाद घरई
गाउँपालिका अध्यक्ष

CamScanner

(क) प्राथमिक शिक्षा मातृभाषामा दिन सकिनेछ,

(ख) गैर नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा तोकिएका अन्य कुनै भाषाको विषय अध्ययन गर्नसक्नेछ,

ग) भाषा विषय अध्यापन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुन सक्नेछ,

(घ) अंग्रेजी विषयको अध्यापन गराउँदा माध्यम अंग्रेजी भाषामा नै गराउनु पर्नेछ ।

**८. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकः**

विद्यालय शिक्षाको पाठ्यक्रम तथा पाठ्यपुस्तक नेपाल सरकारले तोके बमोजिम हुनेछ । स्थानीय भाषा वा विषयको पाठ्यक्रम तथा पाठ्यपुस्तक गाँउपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

**९. गाउँ शिक्षा समितिः**

(१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको गाउँ शिक्षा समिति रहनेछ :-

(क) गाउँपालिकाको अध्यक्ष वा निजले तोकेको व्यक्ति -अध्यक्ष

(ख) गाउँपालिका अध्यक्षले तोकेको शिक्षा हेर्ने विषयगत समितिको संयोजक -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) गाउँपालिका अध्यक्षले तोकेको गाउँसभाका सदस्यहरू मध्येबाट कम्तिमा एक जना महिला सहित दुई जना -सदस्य

(ङ) यस गाउँपालिका भित्र रहेका विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेका व्यक्ति एक जना-सदस्य

(च) समाजसेवी वा शिक्षा प्रेमीहरू मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेका कम्तीमा एकजना महिला सहित दुई जना -सदस्य

(छ) शिक्षण पेशामा उच्च योगदान पुऱ्याएका प्रधानाध्यापकहरू मध्येबाट गाउँपालिका अध्यक्षले मनोनित गरेको सामुदायिक र संस्थागत विद्यालयवाट एक/एक जना पर्ने गरी दुई जना -सदस्य

(ज) शिक्षा शाखा प्रमुख -सदस्य सचिव

(२) समितिका मनोनित सदस्यको कार्यकाल दुई वर्षको हुनेछ ।

(३) उपदफा (१) बमोजिम मनोनित सदस्यहरुले आफ्नो पदीय आचरण पूरा नगरेमा जुनसुकै समयमा पनि हटाउन वा वर्खास्त गर्न सकिनेछ । तर त्यसरी हटाउन वा वर्खास्त गर्नु अघि मनासिब माफिकको स्पष्टीकरणको मौकावाट बञ्चित गरिने छैन ।

(४) गाउँपालिका स्तरका नेपाल शिक्षक महासंघका प्रतिनिधिलाई बैठकमा आमन्त्रित गर्न सकिनेछ ।



गया प्रसाद बराई
गाउँपालिका अध्यक्ष

**१०. गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :-**

(क) आफ्नो कार्य क्षेत्रभित्रको शैक्षिक योजना तयार गर्ने,

(ख) गाउँपालिका क्षेत्रभित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति प्रदान गर्ने,

(ग) तोकिएको मापदण्ड पुरा नभएका विद्यालय सार्ने, गाभ्ने कार्यका लागि गाउँकार्यपालिकालाई सिफारिस गर्ने,

(घ) विद्यालयको लागि आवश्यक साधन, श्रोत जुटाउने र परिचालन गर्ने, गराउने,

(ङ) आफ्नो क्षेत्रभित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने,

(च) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने,

(छ) शिक्षाको गुणस्तर कायम राख्ने सूचक विकास गर्ने र प्रगति मूल्याङ्कन गर्ने,

(ज) सामुदायिक विद्यालयमा शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्ने,

(झ) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने/गराउने,

(ञ) शैक्षिक गुठीसँग गर्ने सम्झौताका शर्तहरू निर्धारण गर्ने,

(ट) शिक्षक कर्मचारीहरूलाई आवश्यक प्रोत्साहन, दण्ड, सजाय सम्वन्धी कार्य गर्ने गराउने,

(ठ) करार शिक्षक, कर्मचारीहरूको छनौटको लागि विशेषज्ञहरूको छनौट गरेर सूची प्रकाशन गर्ने,

(ड) गाउँपालिका भित्र स्थापना भएका पुस्तकालय, वाचनालय र सिकाइ केन्द्रको संवर्धन, संरक्षण तथा अनुमति प्रदान गर्ने,

(ढ) गाउँपालिका क्षेत्रभित्र शैक्षिक परामर्श केन्द्र,कोचिङ सेन्टर आदिको अनुमति प्रदान गर्ने, नियमन अनुगमन तथा निरीक्षण गर्ने गराउने,

(ण) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको योजना तर्जुमा, संचालन, अनुमती, अनुगमन, मूल्याङ्कन र नियमन सम्वन्धी कार्य गर्ने गराउने,

(त) शिक्षण सिकाइमा सुधारका लागि शिक्षक, कर्मचारी, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी र अभिभावकलाई तालिम तथा क्षमता विकास सम्वन्धी कार्य गर्ने गराउने,

(थ) वडा शिक्षा समितिबाट सिफारिस सहित आएका विद्यालयको शैक्षिक गुणस्तर एवं भौतिक पूर्वाधार विकासको गुरुयोजना स्वीकृत गरी लागु गर्ने गराउने ।

(ध) संचालित कक्षा तथा विद्यार्थी संख्याका आधारमा शिक्षक कर्मचारी दरवन्दी मिलान गर्ने,

(न)दरवन्दी मिलानको कममा वा आवश्यकता अनुसार शिक्षक कर्मचारीको सरुवा गर्ने, वा काज खटाउने,

(प) सरुवा गरिएका वा काज खटाइएका शिक्षक,कर्मचारीलाई विद्यालयमा हाजिर नगराएमा सो शिक्षकलाई सोही विद्यालयको दरवन्दी सहित अर्को विद्यालयमा सरुवा गर्ने वा काज खटाउने साथै यसरी शिक्षक,कर्मचारीलाई हाजिर नगराउने प्र.अ.लाई विभागीय सजायको लागि सिफारिस गर्ने,

(फ) तोकिए वमोजिमका अन्य कार्यहरू गर्ने ।

**११.** गाउँपालिका अन्तर्गत सञ्चालित विद्यालयहरूमा तोकिए बमोजिम गाउँसभाले दरबन्दी सृर्जना गर्न सक्नेछ ।



गया प्रसाद वरई
गाउँपालिका अध्यक्ष

CamScanner

**१२. गाउँकार्यपालिकाको काम, कर्तव्य र अधिकार:-**

गाउँ कार्यपालिकाको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१३. प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार:-**

प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१४.शिक्षा अधिकृत:-**

शिक्षा अधिकृतको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१५. अनुगमन समिति:-**

(१) विद्यालय शिक्षाको समग्र पक्षको अनुगमन गर्न देहाय बमोजिम अनुगमन समिति गठन हुनेछ ।

(क) गाउँपालिकाको उपाध्यक्ष - अध्यक्ष

(ख) गाउँपालिका अध्यक्षले तोकेको शिक्षा हेर्ने विषयगत समितिका संयोजक -सदस्य

(ग) शिक्षा शाखा प्रमुख -सदस्य सचिव

(२) अनुगमन समितिको काम, कर्तव्य र अधिकार:- अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) विद्यालयको नियमित अनुगमन गर्ने गराउने,

(ख) कक्षा निरीक्षण गरी आवश्यक सुझाव दिने,

(ग) राम्रो काम गर्ने शिक्षकलाई प्रोत्साहन एवं विद्यालयको शैक्षिक वातावरणमा असर पर्ने, अनुशासनहीन काम गर्ने तथा शिक्षकले पालना गर्नुपर्ने आचार संहिता उल्लंघन गर्ने शिक्षक कर्मचारीलाई विभागीय कारवाहिका लागि सिफारिस गर्ने,

(घ) शैक्षिक गुणस्तर वृद्धि सम्वन्धि अन्य काम गर्ने ।

**१६. सामुदायिक सिकाई केन्द्र:-**

गाउँपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ ।

**१७. अध्यापन अनुमतिपत्र :-**

शिक्षक सेवा आयोगबाट स्थायी अध्यापन अनुमति पत्र लिएको व्यक्ति मात्र शिक्षक पदमा नियुक्तिको लागि उम्मेदवार हुन योग्य हुनेछ ।

**१८. अनुदानको व्यवस्था:-**

(१) यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको मापदण्डको आधारमा गाउँपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ । तर कुनै विद्यालयले तोकिएको शैक्षिक स्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिंइदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ ।



गया प्रसाद बरई
गाउँपालिका अध्यक्ष

(२) गाउँपालिकाले सामुदायिक विद्यालयहरूलाई तोकिए बमोजिम शर्त पूरा गरेमा थप अनुदान उपलब्ध गराउन सक्नेछ ।

**१९. छात्रवृत्तिको व्यवस्था:-**

गाउँपालिकाले सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

**२०. प्रारम्भिक बाल शिक्षा सम्बन्धी व्यवस्था:-**

प्रारम्भिक बाल शिक्षाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२१. प्रारम्भिक बाल विकास केन्द्रलाई अनुदान:-**

गाउँपालिकाले प्रारम्भिक बाल विकास केन्द्रलाई तोकिए बमोजिमको आधारमा अनुदान रकम दिन सक्नेछ ।

**२२. विद्यालय व्यवस्थापन समिति:-**

(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख, व्यवस्थापन र अनुगमन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः-

(क) अभिभावक बाट छनौट भई आएका कम्तीमा दुई जना महिला सहित चार जना - सदस्य

(ख) विद्यालय रहेको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिले सिफरिस गरेको वडा सदस्य एक जना - सदस्य

(ग)विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर दश वर्षदेखि उल्लेखनीय संहयोग गर्ने वा विद्यालयलाई दश लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरू मध्येवाट गाउँपालिका अध्यक्षले मनोनित गरेको एक जना महिला सहित दुई जना -सदस्य

(घ) उपदफा १ को खण्ड क,ख र ग बमोजिम छनोट भएका सात जना सदस्यहरुले आफूहरु मध्येबाट छनोट गरेको एक जना - अध्यक्ष

(ङ) विद्यालयका शिक्षकहरुले आफूमध्येवाट छानी पठाएको एकजना प्रतिनिधि -सदस्य

(च) विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

(२) विद्यालय स्तरीय बालक्लवले मनोनयन गरेका एक जना बालक्लवका प्रतिनिधी आमन्त्रित सदस्यको रूपमा रहनेछन्।

(३)प्राविधिक र व्यावसायिक विषयमा अध्ययन वा तालिम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा गाउँपालिका स्तरका उद्योग तथा वाणिज्य संघका दुई जना प्रतिनिधी सदस्य रहनेछन्।

(४) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा पचास प्रतिशत सदस्यहरू विषेश क्षमता भएका विद्यार्थीको अभिभावकहरू सदस्य रहनेछन्।



गया प्रसाद थरई
गाउँपालिका अध्यक्ष

(५) व्यवस्थापन समितिको म्याद सकिनु भन्दा एक महिना अगावै नयाँ व्यवस्थापन समितिको गठन प्रकृया शुरु गरी समिति गठन गर्नु पर्नेछ।

(६) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख तथा व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहने छ :-

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरू मध्येबाट सम्बन्धित विद्यालयको सिफारिसमा गाउँपालिकाबाट मनोनित भएका एक जना -अध्यक्ष

(ख) विद्यालय रहेको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिले सिफरिस गेरेको वडा सदस्य एक जना - सदस्य

(ग) स्थानीय शिक्षा प्रेमी, समाजसेवी र लगानीकर्ताहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना सदस्य -सदस्य

(घ) अभिभावकहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना -सदस्य

(ङ) निरीक्षक वा निरीक्षकको काम गर्न तोकिएको व्यक्ति -सदस्य

(च) सम्बन्धित विद्यालयका शिक्षकहरूले आफूहरू मध्येबाट छानी पठाएको एकजना प्रतिनिधि -सदस्य

(छ) विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

(९) यस दफा बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ।

(१०) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

(घ) विद्यालयको वार्षिक वजेट स्वीकृत गर्ने र त्यसको जानकारी गाउँपालिकालाई दिने,

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

(च) विद्यालय व्यवस्थापन समितिको सचिवालय व्यवस्थित गर्ने, गराउने,

(छ) नेपाल सरकार वा गाउँपालिकाबाट नियुक्ति लिइ, सरुवा भइ वा काज खटि आएका शिक्षक तथा कर्मचारीलाई हाजिर गराइ काममा लगाउने,

(ज) गाउँपालिकाबाट खटिएका लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,

(झ) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन गाउँ शिक्षा समितिमा पेश गर्ने,

(ञ) तोकिए बमोजिम विद्यालय सञ्चालन गर्ने र पठनपाठन गर्ने, गराउने,



गया प्रसाद थरई
गाउँपालिका अध्यक्ष

CamScanner

(ट) गाउँ शिक्षा समितिले दिएको निर्देशनहरूको पालना गर्ने,

(ठ) विद्यालयको आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्ती गरेका शिक्षकको सेवा, शर्त र सुविधा तोक्ने ।

(ड) विद्यालयले गरेका वार्षिक क्रियाकलापको सामाजिक परीक्षण गर्ने गराउने ।

(ढ) विद्यालयको शैक्षिक गुणस्तर एवं भौतिक पूर्वाधार विकासका लागि कार्ययोजना बनाई पेश गर्ने ।

(ण) अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन तथा व्यवस्थापन गर्ने,गराउने ।

**२३. संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-**

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(ङ) विद्यालयले नेपाल सरकार,गाउँपालिकाले तोके बमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्यरूपमा लागू गर्ने,पाठ्यक्रमलाई सहयोग पुग्ने खालका स्वीकृत सन्दर्भ स्रोतसामग्री प्रयोग गर्ने,

(च) तोकिए बमोजिम विद्यालय सञ्चालन र पठनपाठन गर्ने, गराउने,

(छ) प्रचलित कानुन बमोजिम शिक्षक पदको लागि उम्मेदवार हुन योग्यता पूरा गरेका व्यक्तिलाई विज्ञापन गरी प्रतिस्पर्धाका आधारमा शिक्षक पदमा नियुक्ति गर्ने,

(ज) नेपाल सरकारले तोकेको न्यूनतम तलब स्केलमा नघटाई शिक्षकलाई तलब भत्ता दिने,

(झ) आचारसंहिता विपरित कार्य गर्ने शिक्षक/कर्मचारीलाई कारबाही गर्ने,

(ञ) शिक्षा ऐन, नियमावली तथा अन्य कानूनमा उल्लेखित व्यवस्थाका अतिरिक्त गाउँपालिकावाट जारी शिक्षा क्षेत्र सँग सम्वन्धित नीति तथा निर्देशनहरूको पालना गर्ने,

(ट) अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन तथा व्यवस्थापन गर्ने गराउने,

(१२) विद्यालय व्यवस्थापन समितिको अन्य काम, कर्तव्य, अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(१३) शैक्षिक गुठी तथा सहकारी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(१४) सहकारी विद्यालय व्यवस्थापन समितिको गठन, काम कतर्व्य अधिकार तोकिए बमोजिम हुनेछ ।

(१५) विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र सदस्यहरुको योग्यता देहाय बमोजिम हुनेछ ।

(क) नेपाली नागरिक

(ख) पच्चीस वर्ष उमेर पुरा भएको,



गया प्रसाद वरई
गाउँपालिका अध्यक्ष

गाउँपालिका कार्यपालिकाको कार्यालय ... प्रदेश, नेपाल २०७२

(ग) प्रचलित कानुन बमोजिम कालोसूची वा बेरुजुमा नपरेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोग अदालतबाट प्रमणित नभएको,

(ङ) सोही विद्यालयको शिक्षक प्रतिनिधि बाहेक अन्य कुनै विद्यालयमा शिक्षक वा कर्मचारीको पदमा बहाल नरहेको,

(च) प्राथमिक विद्यालयको अध्यक्ष समेतका लागि र सबै विद्यालयको सदस्यको लागि साधारण लेखपढ गर्न सक्ने साक्षर भएको र अन्य विद्यालयको अध्यक्षको लागि विद्यालयमा संचालन भएको सबैभन्दा माथिल्लो कक्षा वा सो सरहको शैक्षिक योग्यता भएको ।

**२४. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने:-**

(१) कुनै विद्यालयको व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेको निष्कर्ष सहित अनुगमन समिति मार्फत गाउँ शिक्षा समितिमा पेश भएमा गाउँ शिक्षा समितिले उक्त प्रतिवेदन उपर छानविन गर्नेछ । गाउँ शिक्षा समितिको छानविनले समेत ताकिएको जिम्मेवारी पुरा गर्न नसकेको देखिएमा गाउँ शिक्षा समितिले गाउँ कार्यपालिका समक्ष उक्त विद्यालय व्यवस्थापन समिति विघटन गर्न सिफारिस गर्नेछ ।

गाउकार्यपालिकाले त्यस्तो विद्यालय व्यवस्थापन समिति तोकिएको प्रकृया पुऱ्याई विघटन गर्न सक्नेछ । तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न गाउँ शिक्षा समितिले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

**२५. विद्यालयको विनियम, विधान वा कार्यविधि**

(१) यो ऐन र प्रचलित कानूनको अधीनमा रही प्रत्येक विद्यालय व्यवस्थापन समितिले विद्यालयको लक्ष्य, मूल्य मान्यता, सञ्चालन प्रकृया लगायतका अन्य सान्दर्भिक विषयवस्तु समावेश गरिएको विद्यालयको विधान, विनियम वा कार्यविधि बनाई गाउँपालिकाबाट स्वीकृत गराइ लागु गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विधान,विनियम वा कार्यबिधि अनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति,प्रधानाध्यापक लगायत सबैको कर्तव्य हुनेछ ।

(३) विद्यालयको विधान,विनियम वा कार्यविधि सार्वजनिक दस्तावेज हुनेछ र सो दस्तावेज सबैले हेर्न पाउनु पर्नेछ ।

**२६. वडा शिक्षा समिति:-**

**१. वडाभित्रका विद्यालयहरुको रेखदेख, संरक्षण, संवर्द्धन, नियमन गर्न वडास्तरमा देहाय बमोजिमको वडा शिक्षा समिति गठन हुनेछ ।**

(क) गाउँपालिकाका सम्वन्धित वडाका वडा अध्यक्ष -अध्यक्ष

(ख) वडा समितिका सदस्यहरूमध्येबाट वडा समितिले तोकेको एक जना महिला -सदस्य



गया प्रसाद बरई
गाउँपालिका अध्यक्ष

CamScanner

(ग) सामुदायिक र संस्थागत विद्यालयका शिक्षकहरूमध्येबाट एक जना महिला सहित वडा समितिबाट छनौट भएका दुई जना -सदस्य

(घ) सामुदायिक र संस्थागत विद्यालयबाट प्रतिनिधित्व हुने गरी विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू मध्ये वडा समितिले तोकेको दुई जना -सदस्य

(ङ) वडा सचिव -सदस्य सचिव

(२) वडा शिक्षा समितिको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

**२७. शिक्षा विकास कोष:-**

(१) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउन तथा त्यस्ता विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्नको लागि गाउँपालिकास्तरमा एक शिक्षा विकास कोष रहनेछ। उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्:-

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ग) गाउँपालिकाबाट प्राप्त अनुदान रकम,

(घ) गाउँपालिकामा स्थापित शैक्षिक विकास कोषको रकम,

(ङ) संस्थागत विद्यालयबाट प्राप्त विद्यालयको वार्षिक कूल आम्दानीमध्ये तोकिए बमोजिमको रकम,

(च) दान, दातव्य, पुरस्कार र सहयोगबाट प्राप्त रकम,

(छ) सरकारी तथा गैरसरकारी संघ संस्थाबाट प्राप्त रकम,

(ज) दातृ निकायबाट प्राप्त रकम

(झ) अन्य स्रोतवाट प्राप्त रकम।

**२८. कोष सञ्चालक समिति:-**

(१) कोष सञ्चालक समिति तोकिए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

(३) कोषको सञ्चालन प्रचलित कानुन बमोजिम हुनेछ।

**२९. विद्यालय कोष:**

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय बमोजिमका स्रोतबाट प्राप्त रकम दाखिला हुनेछ:-

(क) नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

(ख) गाउँपालिकाको शिक्षा कोषबाट प्राप्त अनुदान,



गया प्रसाद थरुई
गाउँपालिका अध्यक्ष

(ग) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(घ) दान दातव्यबाट प्राप्त रकम र

(ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन विद्यालयको प्र.अ.र लेखा सम्बन्धि काम गर्ने शिक्षक वा कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ । उक्त कोषको लेखापरीक्षण तथा सामाजिक लेखापरीक्षण गराउने जिम्मेबारी प्र.अ.र व्यवस्थापन समितिको हुनेछ ।

**३०. गाउँपालिकाले निर्देशन दिन सक्नेः-**

(१) गाउँपालिकाले विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

**३१. गाउँकार्यपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्नेः-**

गाउँ कार्यपालिकाले स्वीकृत मापदण्डको आधारमा गाउँपालिका क्षेत्रभित्र हाल सञ्चालनमा रहेका कुनै विद्यालयलाई विद्यार्थी संख्या, शिक्षक संख्या, र सम्बन्धित विद्यालयको स्वीकृतिको आधारमा एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न, वा कुनै विद्यालयको कुनै तह वा कक्षा घटाउन वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालयमा कक्षा थप गरी सञ्चालन गर्न अनुमति वा स्वीकृति प्रदान गर्न सक्नेछ ।

**३२. विद्यालयको सम्पत्तिः-**

(१) सामुदायिक विद्यालयको हक भोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम बन्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँ शिक्षा समितिको निर्णय अनुसार व्यवस्थापन हुनेछ ।

(२) निजि शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठी वा सहकारी विद्यालयको रूपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरूप परिवर्तन गर्न पाइनेछैन ।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँपालिकाको अनुमति लिनु पर्नेछ । तर विदेशी व्यक्ति वा संघ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँपालिका मार्फत नेपाल सरकारको पूर्व स्वीकृति लिनुपर्नेछ ।

(५) नेपाल सरकारको वा गाउँपालिकाको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति नेपाल सरकारको/गाउँपालिकाको स्वीकृति बेगर बेचबिखन गर्न पाइने छैन ।



गया प्रसाद बरई
गाउँपालिका अध्यक्ष

**३३. विद्यालयलाई छुट र सुविधा:-**

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक विद्यालय र सहकारी तथा सार्वजनिक शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले/गाउँपालिकाले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ ।

(३) सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको शैक्षिक उपलब्धी स्तर वृद्धि गर्न र विद्यालय स्रोतबाट तलव, भत्ता खाने गरी नियुक्ति गरिएका शिक्षक/कर्मचारीको पारिश्रमिकको खर्च जुटाउने गरी विद्यालयले आफ्नो स्रोतमा निमार्ण गरेका आयआर्जन हुने सम्पत्तिहरु जस्तै माछापोखरी, सटरहरु आदीको कर र विद्यालयको जग्गा मालपोत दस्तुर छुट हुनेछ । सामुदायिक विद्यालयले आय आर्जन हुने सम्पत्तिहरु जस्तै माछापोखरी, सटर, खेलमैदान आदिको वस्तुस्थिति हेरी समय सापेक्ष टेण्डरको आहवान गर्न सक्नेछ । तर यस्ता कार्य गर्दा गाउँपालिकाबाट स्वीकृति लिनु पर्नेछ ।

(४) सबै विद्यालयहरुले भवन निर्माण गर्दा अनिवार्य रुपमा गाउँपालिकाबाट नक्सा पास गरी भवन निर्माण अनुमति प्राप्त गर्नु पर्नेछ । यसरी नक्सा पास गर्दा लाग्ने नक्सापास दस्तुर छुट हुनेछ ।

(५) सामुदायिक विद्यालय र शैक्षिक गुठी तथा सहकारीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ ।

**३४. अनुमति वा स्वीकृति रद्द गर्ने:-**

कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत वनेको नियम विपरीत कुनै काम गरेमा तोकिएको अधिकारीले तोकिएको प्रक्रिया पूरा गरी त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्न सक्नेछ । तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्वन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

**३५. विद्यालयको वर्गीकरण:-** विद्यालयको वर्गीकरण तोकिएको बमोजिम हुनेछ ।

**३६. विद्यालयलाई शान्ति क्षेत्रको रूपमा कायम गर्नु पर्ने:-**

(१) विद्यालयमा स्वतन्त्र र भयरहित रूपमा अध्ययन, अध्यापन गर्ने वातावरण सृजना गर्न तथा विद्यालय भित्र कुनै पनि किसिमको राजनीतिक वा अन्य अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई शान्ति क्षेत्र कायम गर्नु पर्नेछ ।

(२) उपदफा (१) वमोजिम शान्ति क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नु पर्ने शर्त तथा मापदण्ड तोकिए वमोजिम हुनेछ ।



गया प्रसाद बराई
गाउँपालिका अध्यक्ष

CamScanner

गाउँपालिकाको कार्यालय सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

**३७. शुल्क सम्बन्धी व्यवस्था:-**

(१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि, सामुदायिक वा धार्मिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाइने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै अभिभावकले सामुदायिक विद्यालयलाई दान,उपहार,चन्दा वा अन्य आर्थिक सहयोग दिन सक्नेछ ।

(३) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नको लागि गाउँपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

(४) संस्थागत विद्यालयमा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ

(५) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइ सकेपछि पुनःसोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि भर्ना शुल्क लिन पाउने छैन तर अन्य शुल्क तोकिए बमोजिम हुनेछ ।

(६) विद्यालयले भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(७) संस्थागत विद्यालयले विद्यार्थीसग लिन पाउने शुल्क निर्धारण तोकिए बमोजिम हुनेछ ।

(८) सहकारी विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क निर्धारण तोकिए बमोजिम हुनेछ

(९) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई उक्त शुल्क फिर्ता गराई गाउँपालिका अध्यक्षले एक लाख रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

**३८. शिक्षकको पेशागत महासंघ सम्बन्धी व्यवस्था:** सामुदायिक विद्यालयका शिक्षकहरूको पेशागत हक हितको सम्बन्धमा कार्य गर्न गाउँपालिका क्षेत्रभित्र तोकिए बमोजिमको एक शिक्षक महासंघ रहनेछ ।

**३९. शिक्षक तथा कर्मचारीको पदीय आचरण सम्बन्धी व्यवस्था:**

(१) देहायको अवस्थामा शिक्षक वा विद्यालय कर्मचारीलाई गाउँकार्यपालिकाको निर्णयका आधारमा प्रमुख प्रशासकीय अधिकृतले पदबाट हटाउन सक्नेछ ।

(क) तोकिए बमोजिमका पदीय दायित्व पूरा नगरेमा,

(ख) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको प्रमाणित भएमा वा विद्यालयभित्र सूर्तीजन्य पदार्थ सेवन गरेमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएमा,

(ङ) भ्रष्टचार गरेको प्रमाणित भएमा ।

(च)सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले विद्यालय समयमा अन्यत्र अध्यापन वा अन्य कुनै व्यवसायिक क्रियाकलाप गरेमा,

(छ) शिक्षक वा कर्मचारीहरूले कुनै राजनैतिक दलको कार्यकारिणी समितिको सदस्य भएमा वा विद्यालय समयमा कुनै राजनीतिक दलको सभा जुलुस वा गतिविधिमा संलग्न भएमा ।



गया प्रसाद वरई
गाउँपालिका अध्यक्ष

CamScanner

(२) उपदफा (१) वमोजिम कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने पर्याप्त प्रमाण प्राप्त भएमा तोकिएको अधिकारीले निजलाई पदबाट हटाउन सक्नेछ । तर यसरी पदबाट हटाउनु अघि मनासिव माफिकको स्पष्टीकरण दिने मौका प्रदान गरिनेछ ।

**४०. स्थायी आवासीय अनुमति लिन नहुने:-** सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीहरूले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुँदैन । स्थायी आवासीय अनुमति लिएका तथा लिन आवेदन दिने शिक्षक वा कर्मचारीहरूलाई दिइने दण्ड तथा सजाय तोकिए बमोजिम हुनेछ ।

**४१. शैक्षिक योग्यता:-**

विद्यालय शिक्षकको लागि चाहिने न्यूनतम शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ ।

**४२. शिक्षक विद्यार्थीको अनुपात:-**

गाउँपालिकाले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नेछ ।

**४३.शिक्षकलाई अन्य काममा लगाउन नहुने:-**

(१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्वन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्वन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार र गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

**४४. निलम्बन तथा पुनः बहाली हुन सक्ने :-**

(१) दफा ३७ मा उल्लेख भएका कुनै कसुरमा सम्वन्धित अदालतमा अभियोग पत्र दायर भएमा स्वतः निलम्बन भएको मानिनेछ ।

(२) दफा ३७ वमोजिम सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक/कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनःवहाली हुन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम पुनः बहाली भएको शिक्षकले नोकरीबाट हटेदेखि पुनःवहाली भएको मिति सम्म पूरा तलव, भत्ता र तलब वृद्धि समेत पाउनेछ ।

**४५. शिक्षकको नियुक्ति र सरूवा:-**

(१) विद्यालयमा रिक्त रहेको दरवन्दी तथा राहत अनुदानमा करार शिक्षक नियुक्तिको व्यवस्था तोकिए वमोजिम हुनेछ ।

स्थायी शिक्षकको नियुक्ति तथा पदस्थापना संघीय शिक्षक सेवा आयोग तथा प्रादेशिक शिक्षक सेवा आयोगले तोके वमोजिम हुनेछ ।

(२) दुवै विद्यालयको व्यवस्थापन समितिको सहमतिमा विषयगत दरवन्दी मिल्ने गरी गाउँ शिक्षा समितिले रिक्त दरवन्दीमा शिक्षक/कर्मचारी सरूवा गर्न सक्नेछ ।



गया प्रसाद घरई
गाउँपालिका अध्यक्ष

CamScanner

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँ शिक्षा समितिले आवश्यक ठानेमा गाउँपालिका क्षेत्र भित्रका विद्यालयका शिक्षक तथा कर्मचारीलाई जुनसुकै विद्यालयमा काज सरुवा गर्न सक्नेछ।

(४) यो ऐन जारी भएपछि विद्यालयमा रिक्त रहेको दरबन्दीमा शिक्षा अधिकारीको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले करार शिक्षक तथा कर्मचारीको विज्ञापनको अनुमति दिन सक्नेछ।

**४६. दरबन्दी मिलानः-** गाउँपालिका क्षेत्रभित्र संचालित सामुदायिक विद्यालयहरुमा गाउँ शिक्षा समितिले तोकिएको मापदण्ड र प्रकृया पूरा गरी दरबन्दी मिलान गर्न सक्नेछन्।

**४७. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्नेः-**

(१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रूपमा विपन्न, अपाङ्गता भएका, महिला, दलित,जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा व्यवस्थापन समितिको अध्यक्ष,विद्यालयको प्रधानाध्यापक, शिक्षा अधिकारी वा निजको प्रतिनिधि र विद्यालय व्यवस्थापन समितिमा रहेका अभिभावकको प्रतिनिधित्व रहेको एक छात्रवृत्ति छनौट समिति रहनेछ।

(३) समितिले छात्रवृत्तिको लागि निवेदन संकलन,छनौटको आधार, शर्त र प्रक्रिया विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई सार्वजनिक सूचना गरी छात्रवृत्ति पाउने विद्यार्थी छनौट गर्नेछ।

(४) समितिले छात्रवृत्ति छनौटको नतिजा आधार सहित सार्वजनिक गर्नु पर्नेछ।

**४८. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुनेः-**

दफा ४२ मा उल्लेखित अवस्थामा वा नियमानुसार विदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षकले अनुपस्थित अवधिको तलब, भत्ता पाउने छैन र त्यस्तो अवधि निजको सेवा अवधिमा समेत गणना हुनेछैन।

**४९. प्रधानाध्यापक तथा कर्मचारी सम्बन्धी व्यवस्थाः**

(१) सामुदायिक विद्यालयमा एक प्रधानाध्यापक र गाउँपालिकाले स्वीकृत गरे बमोजिमको संख्यामा कर्मचारीको दरबन्दी रहनेछ।

(२) उपदफा(२) बमोजिम प्रधानाध्यापक तथा कर्मचारी नियुक्ति, सेवाको सर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

**५०. बालबालिकालाई निष्काशन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुनेः-**

(१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाईने छैन।

(२)विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन।

**५१. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालनः-**



गया प्रसाद थरई
गाउँपालिका अध्यक्ष

CamScanner

(१) कसैले यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

**५२. प्रगति विवरण बुझाउनु पर्ने :-**

विद्यालयले त्रैमासिक तथा बार्षिक रुपमा तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण गाउँपालिकामा बुझाउनु पर्नेछ।

**५३.लेखा र लेखापरीक्षणः-**

विद्यालयले प्रचलित कानूनको अधिनमा रही लेखा राख्नुपर्नेछ। आन्तरिक लेखा परीक्षण विद्यालयमा गठित सामाजिक परीक्षण समिति वा लेखा समितिबाट र अन्तिम लेखा परीक्षण गाउँपालिकाबाट खटाइएका लेखा परीक्षकबाट हुनेछ।

**५४. पुरस्कार तथा दण्ड सजायः-**

(१) गाउँपालिकाले प्रत्येक वर्ष गाउँपालिका क्षेत्र भित्रका उत्कृष्ट विद्यालय, विद्यार्थी ,शिक्षक, कर्मचारी र व्यवस्थापन समितिलाई सम्मान गर्न र पुरस्कार दिन सक्नेछ।

(२) गाउँपालिकाले शिक्षक, कर्मचारीलाई कार्य सम्पादनको आधारमा थप सुविधा दिन सक्ने छ।

(३) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई गाउँपालिका अध्यक्षले बिगो असूल गरी बिगो बमोजिम जरिवाना गर्न सक्नेछ।

(४) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई तोकिएको अधिकारीले कसुरको मात्रा हेरी एकलाख रूपैयाँ सम्म जरिवाना वा ६ महिना सम्म कैद वा दुबै सजाय गर्न सक्नेछ।

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्वन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरूको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

(छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(ज) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा,



गया प्रसाद बरई
गाउँपालिका अध्यक्ष

CamScanner

(झ) कानून विपरीतको अन्य कार्य गरेमा ।

(५) विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा जिल्ला अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्बन हुनेछ । सो शिक्षक वा कर्मचारी अदालतबाट कसुरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम सजाय गरिनेछ ।

**५५. मुद्धा हेर्ने अधिकारी:-** यो ऐन वा यस ऐन अन्तरगत बनेको नियम बमोजिम सजाय गर्ने अधिकार गाउँपालिका अध्यक्षलाई हुनेछ ।

**५६.पुनरावेदन:-** गाउँपालिका प्रमुखले गरेको सजायको आदेश उपर सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

**५७. नियम बनाउने अधिकार:-**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनको लागि गाउँकार्यपालिकाले आवश्यक निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

**५८.गाउँ कार्यपालिकाले आवश्यक कार्य गर्न सक्ने**

यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको कार्य नियमावलीमा व्यवस्था नभएसम्म गाउँकार्यपालिकाले व्यवस्था गरे बमोजिम हुनेछ ।

**५९. सबैको कर्तव्य हुने:**

यस ऐन वा यस ऐन अन्तरगत बनेका नियमहरुको पालना गर्नु यस गाउँपालिका अन्तरगतका सबै शिक्षक, विद्यालय कर्मचारी, अभिभावक, व्यवस्थापन समिति तथा विद्यालयहरुको कर्तव्य हुनेछ ।

**६०. संशोधन वा खारेज गर्न सकिने**

यस ऐनमा उल्लेखित दफामा संसोधन वा खारेज गर्नुपर्ने भएमा कार्यपालिकाको सिफारिसमा गाउँसभाले संशोधन वा खारेज गर्न सक्नेछ ।

**६१. बाधा अडकाउ फुकाउने अधिकार:**

(क) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा-अड्काउ परेमा गाउँकार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ ।

(ख) यो ऐन प्रारम्भ हुदा कायम रहेका वा रिक्त भएका विद्यालय व्यवस्थापन समितिले यो ऐन जारी भएको तीन महिना भित्रमा यसै ऐन बमोजिम पुर्नगठन वा नयाँ समिति गठन गर्नुपर्नेछ । यदि सो बमोजिम गठन नगरेमा उक्त विद्‌यालय व्यवस्थापन समिति स्वत: निस्क्रिय भएको मानिनेछ ।

**६२. बचाउ र लागू नहुने:**

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।



गया प्रसाद वराई
गाउँपालिका अध्यक्ष

CamScanner

(ख) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिना-मिना गरेको केसमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन ।

(ग) संविधान, संघीय कानून र प्रदेश कानून सँग बाझिएका यस ऐनका दफा तथा उपदफाहरू बाझिएको हदसम्म स्वतः निस्कृय हुनेछ ।

(घ) साझा अधिकारका सम्वन्धमा संघीय शिक्षा ऐन, प्रादेशिक शिक्षा ऐनले व्यवस्था गरे अनुसार हुनेछ ।

(ङ) यस अघि कानुन वमोजिम नियुक्त शिक्षक, कर्मचारीहरूलाई नेपाल सरकारले दिइदै आएको सुविधामा कुनै किसिमको कटौती गरिने छैन । तर यो व्यवस्थाले कानुन वमोजिम दण्ड, सजाय र कारवाही गर्न वाधा पुगेको मानिने छैन ।

गया प्रसाद बरई
गाउँपालिका अध्यक्ष

आज्ञाले
झबिलाल भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मितिः२०८०/१०/१५